# नेपालको मर्स्याङ्दी कोरीडोर प्रसारण लाइनमा लगानी

### यस्मा के कस्ता कमजोरी भए तिनको कसरी समाधान गर्न सकिन्छ ?

११० किलो मिटर लम्बाई भएको मर्स्याङ्दी कोरीडोर २२० के.भी प्रसारण लाइन उच्च भोल्टेजको प्रसारण लाइन परियोजना हो, जुन नेपालको अन्नपूर्ण संरक्षण क्षेत्र र सोको वरपर निर्माण भईरहेको छ । यस परियोजनामा यूरोपीयन लगानी बैंक (EIB) ले १५ लाख यूरो ऋण लगानी गरेको छ भने यस परियोजनालाई नेपाल विद्युत प्राधिकरण (NEA) ले संचालन गरिरहेको छ ।

सन् २०१८ मा यस परियोजनाबाट प्रभावित समुदायहरुले एफपिक तथा अधिकार मञ्च गठन गरेका थिए र युरोपीयन लगानी बैंकको गुनासो सुन्ने संयन्त्रमा उजुरी गरेका थिए । जुन उजुरीमा परियोजनाका कारण हुने वातावरणीय तथा सामाजिक प्रभावका बारेमा आफ्नो गुनासाहरु उठाएका थिए । सो संयन्त्रले समुदायको गुनासो उपर अनुसन्धान गरे र अप्रिल २०२१ मा निष्कर्ष प्रतिवेदन सार्वजनिक गरेको थियो ।



## मुख्य निष्कर्षहरू:

### अनुसन्धानले के पत्ता लगायो?


१. यूरोपीयन लगानी बैंक (EIB) र नेपाल विद्युत प्राधिकरणले यूरोपीयन लगानी बैंकको सामाजिक तथा वातावरणीय मापदण्डका साथ साथै अन्तर्राष्ट्रिय कानूनी प्रतिवद्धताहरुको पालना गर्न चुकेका छन् ।

२. यूरोपीयन लगानी बैंक (EIB) र नेपाल विद्युत प्राधिकरणले आदिवासी समुदायमा पर्ने प्रभावलाई नजरअन्दाज गरेको छ । परियोजनाले आदिवासी समुदायलाई असर पार्ने भएता पनि आदिवासीका स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) को अधिकारको कार्यान्यवन गरिएन ।

३. परियोजनाको सार्वजनिक परामर्श कार्यक्रममा परियोजनाले प्रभाव पार्ने क्षेत्रको जनसंख्याको केवल १ प्रतिशत समुदायमात्र सहभागी थिए । सो परामर्शमा सहभागी १ प्रतिशतमा पनि आदिवासी तथा महिलाको कम सहभागिता थियो ।

४. नेपाल विद्युत प्राधिकरण (NEA) ले आवश्यक वातावरणीय, सामाजिक तथा पूर्नवास सम्बन्धि मूल्याङ्कन पुरा नगरी परियोजनाको निर्माण कार्य सुरु गरेको अवस्थामा पनि यूरोपीयन लगानी बैंक (EIB)ले नेपाल विद्युत् प्राधिकरणलाई लगानी उपलब्ध गराएको छ ।

स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) आदिवासीसंग सम्बन्धित विशिष्ट अधिकार हो जसलाई अन्तर्राष्ट्रिय मापदण्डहरुले संरक्षित गरिएको छ । यसले आदिवासीहरुलाई उनीहरुको समुदाय, भूमि वा भू-क्षेत्रहरुमा असर तथा प्रभाव गर्न सक्ने परियोजनालाई सहमती दिने वा नदिने अधिकार प्रदान गरेकोछ । आदिवासीहरुको परम्परागत रुपमा स्वामित्वमा रहेको, उनीहरुको उपयोगमा रहेको वा उनीहरुको आत्म-निर्णयको सामूहिक अधिकारको रुपमा प्रयोगमा रहेको भूमि, भू-क्षेत्र तथा स्रोतहरुमा प्रभाव पार्ने कुनै पनि परियोजना स्वीकृत वा परियोजना प्रारम्भ गर्नु पूर्व स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) आवश्यक हुन्छ ।



## सुझावहरू:

### यूरोपीयन लगानी बैंक (EIB) र नेपाल विद्युत प्राधिकरणले अनिवार्य गर्नु पर्ने:

१. **वितिय दायित्व**
उल्लघंनका विषयहरु सम्बोधन नभए सम्म मर्स्याङ्दी कोरीडोर प्रसारण लाइनमा लगानी रोक्नु पर्दछ ।

२. **स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) सम्बन्धी दायित्व**
स्पष्ट समयरेखा सहित स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जुरी (FPIC) प्रक्रियालाई स्थापित गर्ने दयित्व पुरा गर्नु पर्दछ ।

३. **मुआब्जा तथा क्षतिपूर्तिमा पारदर्शिता**
मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्दा लचिलो र पारदर्शी विधी अपनाउनु पर्दछ । राईट अफ वे (ROW) भित्र परेका जग्गाको प्रयोगमा बन्देजका वास्तविक असरहरुलाई छुट्टाछुट्टै रुपमा हेरिनु पर्दछ ।

४. **पर्याप्त मुआब्जा तथा क्षतिपूर्ति**
पहिला वितरण गरेको मुआब्जा तथा क्षतिपूर्तिको समिक्षा गर्नु पर्दछ र पर्याप्त मुआब्जा तथा क्षतिपूर्ति वितरण नभएको भए पर्याप्त मुआब्जा तथा क्षतिपूर्ति वितरणको लागि सुधारात्मक उपायहरु अपनाउनु पर्दछ ।

५. **समुदायको सहभागिता**
मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिमा परियोजनाबाट प्रभावित समुदायहरुको न्यायसंगत प्रतिनिधित्वको सुनिश्चिता गर्नुपर्दछ ।

६. **समुदायसंगको परामर्श**
परियोजना प्रभावित समुदायसंग संचार तथा अर्थपूर्ण सहभागिताको विषयमा सुधार गर्नु पर्दछ, यसका साथै वातावरणीय तथा सामाजिक प्रभाव मुल्याङ्कन र पूर्नवास योजनाहरु निर्माण गर्दा र लागू गर्दा समुदायको सहभागिता गर्नु पर्दछ ।

७. **सुधारात्मक कार्ययोजना**
सुधारात्मक वातावरणीय तथा सामाजिक कार्य योजना अद्यावधिक गर्नु पर्दछ र कार्यान्वयनलाई पनि अनुगमन गर्नुपर्दछ ।